जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३ जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

# साझेदारी

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ११ अंक : १६८ २०८२ साल पुस २१ गते सोमवार Monday 05, Jan. 2026 मूल्य रु. ५/- पृष्ठ : ४

# रिलायन्स सुगरमाथि किसानको गुनासो चलान नदिंदा उखु खेतमै सुक्ने जोखिम




*कलैया २४ मा रहेको चिनी मिल्स ।* **फाईल तस्वीर**

***साझेदारी संवाददाता***
***कलैया, २० पुस***

बारा जिल्लामा संचालनमा रहेको रिलायन्स सुगर एण्ड केमिकल इन्डस्ट्रिज चिनी मिल्सको व्यवस्थापन शैलीका कारण जिल्लाका उखु किसानलाई गम्भीर संकटतर्फ धकेलेको छ।

उद्योग आफ्नै जिल्लामा स्थापना भएपनि उखु बिक्री तथा ढुवानीका लागि मिल्सले आवश्यक चलान नदिदा किसानहरू उत्पादन गरेको उखु खेतमै सुक्ने जोखिमसँग जुधिरहेका छन्।

उखु तयार भइसकेको अवस्थामा पनि उद्योगले बारा जिल्लाका किसानलाई प्राथमिकता नदिँदा आर्थिक क्षति बढ्दै गएको उखु उत्पादक किसानहरूको गुनासो छ। किसानका अनुसार कलैया उपमहानगरपालिका-२४ श्रीपुरमा रहेको रिलायन्स चिनी मिलले पर्सा र रौतहट जिल्लातर्फ भने नियमित चलान दिइरहेको छ, तर बारा जिल्लाका किसानलाई बेवास्ता गरिएको बाराका किसानहरुको गुनासो छ।

किसानहरूले महिनौंसम्म पसिना बगाएर उत्पादन गरेको उखु समयमै बिक्री हुन नसक्दा खेतमै बिग्रन थाल्ने अवस्था आएको बताएका छन्। उखु ढुवानीमा ढिलाइ हुँदा तौल घट्ने, चिनीको मात्रा कम हुने र अन्ततः किसानले उचित मूल्य नपाउने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ।

एक जना स्थानीय किसान भन्छन्, "उद्योग बारा जिल्लामै छ, हामीले उखु लगाउन उद्योगकै आग्रहमा रोपाइँ गरेका हौँ। तर काट्ने बेला आउँदा बाहिरका जिल्लालाई प्राथमिकता दिइन्छ। यसले हामीमाथि अन्याय भएको महसुस गराएको छ।"

उखु बिक्री नहुँदा किसानहरू बैंक तथा सहकारीको ऋण तिर्न नसक्ने अवस्थामा पुगेका छन्। मल, बीउ, मजदुरी र सिँचाइ खर्चसमेत उठ्न नसक्दा पारिवारिक

**बाँकी तेस्रो पृष्ठमा**

# कलैया चक्कु प्रहार काण्ड एक पक्राउ, अन्य फरार

***साझेदारी संवाददाता***
***कलैया, २० पुस***

कलैया उपमहानगरपालिकामा शनिबार साँझ भएको चक्कु प्रहार घटनामा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरेको छ भने अन्य अभियुक्तहरूको खोजी जारी छ।




जिल्ला प्रहरी कार्यालय बाराका अनुसार कलैया-४ निवासी अन्दाजी १८ वर्षीय रबिन कुमार सहनीमाथि भएको चक्कु प्रहार प्रकरणमा कलैया-५ बरेवा टोलका इमताज अन्सारी पक्राउ परेका हुन्। पीडित पक्षको जाहेरीका आधारमा उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ परेका अन्सारीमाथि ज्यान मार्ने उद्योग मुद्दामा बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ। घटनामा संलग्न अन्य व्यक्तिहरू फरार रहेकाले खोजी तीव्र बनाइएको प्रहरीको भनाइ छ।

चक्कु प्रहारबाट गम्भीर घाइते भएका सहनीको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ।

# बारामा मुख्य निर्वाचन अधिकृतसहित चार क्षेत्रमा तोकिए निर्वाचन अधिकृत

***साझेदारी संवाददाता***
***कलैया, २० पुस***

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बारा जिल्लामा मुख्य निर्वाचन अधिकृतसहित निर्वाचन अधिकृतहरूको नियुक्ति गरेको छ।




*मुख्य निर्वाचन अधिकृतमा नियुक्त अधिकारी ।* **फाइल तस्वीर**

आयोगले जिल्ला अदालत बाराका जिल्ला न्यायाधीश प्रकाशकुमार अधिकारीलाई जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी दिएको हो।

निर्वाचन आयोगले आईतबार सार्वजनिक गरेको निर्णयअनुसार मुख्य न्यायधीश अधिकारीलाई बारा निर्वाचन क्षेत्र नम्बर ३ को निर्वाचन अधिकृतको जिम्मेवारीसमेत दिइएको छ। यससँगै बाराका चारवटै निर्वाचन क्षेत्रका लागि छुट्टाछुट्टै निर्वाचन अधिकृत पनि तोकिएका छन्।

आयोगका अनुसार बारा निर्वाचन क्षेत्र नम्बर १ मा जिल्ला सरकारी वकिल कार्यालय बाराका जिल्ला न्यायाधिवक्ता शम्भुकुमार बस्नेत, क्षेत्र नम्बर २ मा सर्वोच्च अदालतका उपरजिस्ट्रार किरणकुमार सिंह र क्षेत्र नम्बर ४ मा सर्वोच्च अदालतका इजलास अधिकृत गम्भीर घिमिरे निर्वाचन अधिकृतका रूपमा नियुक्त भएका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम न्याय परिषद्को परामर्शमा देशभरका ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा ८८ जना न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको निर्वाचन आयोगका सह-सचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिएका छन्। उनका अनुसार यी नियुक्तिहरू पुस २५ गतेदेखि कार्यान्वयनमा आउने आयोगले जनाएको छ । नियुक्त मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूले माघ २ गतेदेखि आ-आफ्नो कार्यालय स्थापना गरी मतदाता नामावली व्यवस्थापन, उम्मेदवार दर्ता, निर्वाचन आचारसंहिता कार्यान्वयन, मतदान तथा मतगणनासम्बन्धी सम्पूर्ण निर्वाचन कार्यक्रम सञ्चालन गर्नेछन्।

निर्वाचन आयोगले निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचन सुनिश्चित गर्न न्यायिक क्षेत्रका अनुभवी र जिम्मेवार अधिकारीहरूलाई निर्वाचन व्यवस्थापनको नेतृत्व सुम्पिएको जनाएको छ।

# बहिरा अधिकारको पक्षमा राष्ट्रिय भेला बारामा शुरु

***रञ्जन यादव***
***जीतपुर, २० पुस***

बहिरा समुदायका अधिकार सुनिश्चित गर्ने उद्देश्यसहित राष्ट्रिय स्तरको भेला तथा २९औं वार्षिक साधारणसभा बाराको कलैयामा सुरु भएको छ।

"सांकेतिक भाषाको अधिकार बिना मानव अधिकार सम्भव छैन" भन्ने मूल नाराका साथ राष्ट्रिय बहिरा महासंघ नेपालद्वारा आयोजित उक्त कार्यक्रममा देशभरका ४२ जिल्लाबाट बहिरा समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कलैयास्थित करण राज प्यालेसमा आयोजना गरिएको भेलाको अवसरमा बिहानै नगर परिक्रमा गर्दै जनचेतनामूलक र्‍याली आयोजना गरिएको थियो। र्‍यालीमा बहिरा समुदायका व्यक्तिहरू, अधिकारकर्मी, सामाजिक अभियन्ता तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी भएका थिए।



*भेलाका सहभागीहरु ।* **फोटोः साझेदारी**

सहभागीहरूले सांकेतिक भाषालाई व्यवहारिक रूपमा लागू गर्नुपर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सार्वजनिक सेवामा बहिरा समुदायको पहुँच सुनिश्चित गर्नुपर्ने माग अघि सारेका छन । र्‍याली तथा भेलामा बहिरा व्यक्तिहरूलाई अपाङ्गताको सीमित दृष्टिकोणबाट होइन, छुट्टै भाषा र संस्कृतिका रूपमा पहिचान गर्नुपर्नेमा जोड दिइयो।

**बाँकी तेस्रो पृष्ठमा**

एक–आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं ।

फेटा गाउँपालिकाको कार्यालय,फेटा बाराद्वारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००


Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# अत्याधिक चिसाबाट बचाउन स्थानीय तहको पहल आवश्यक

यो जाडोयाम हो। यस याममा चिसो हुनु प्रकृतिको नियम नै हो। विशेष गरेर बारा, पर्सा लगायत मधेश प्रदेशको अधिकांश भू(भागमा घाम नलाग्नु अहिलेको चिसोको प्रमुख कारण हो। घाम लागे पनि सो घामले तातोपन नदिएपछि घामको ताप न्यून हो। यस्तै घाम लागेपनि सानो समय मात्र लाग्नाले चिसोपन बढनु हो। यस्तै पश्चिमी हावा चल्नाले तथा कुहिरो बाक्लो हुनाले समेत चिसो बढेको हो।दुई हप्तादेखि बढेको चिसोले बाराको जनजीवन अत्याधिक पिडादायी बन्दै गएको छ। अत्याधिक चिसोले गर्दा नागरिकहरुलाई विभिन्न किसिमको समस्या भएको छ। यस्तो समस्या जिल्लाको कलैया उपमहानगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, सिम्रौनगढ नगरपालिका, महागढीमाई नगरपालिका, करैयामाई गाउँपालिका, बारागढी गाउँपालिका, आर्दशकोतवाल गाउँपालिका, देवताल गाउँपालिका, सुवर्ण गाउँपालिका, फेटा गाउँपालिका, बिश्रामपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र परवानीपुर गाउँपालिकामा भएको हो। यो समस्याको धेरै आयामहरु रहेको छ।

जनजीवन थप कष्टकर बनेको हो। चिसो बढेपछि कलैयास्थित सरकारी कार्यालयमा समेत सेवाग्राहीको उपस्थिति न्यून भएको छ। जिल्लाका अति ब्यस्त सडकहरुमा समेत चहल पहल कम भएकोछ।चिसोबाट बच्नका लागी मानिसहरु मोटो कपडा लगाउन थालेकाछन्।न्यानो कपडाले समेत जाडोबाट बचाउँछ। यस्तै मानिसहरु घुर ताप्न थालेका छन्।ऊनी सुईटर, मोफलर, टोपी, ज्याकेट लगायतको प्रयोग बढेको छ। दिनभरी पश्चिमी हावा चल्न थालेपछि दिन दिनै चिसो बढदै गएको छ। चिसोबाट जोगिन मानिसहरु आगोको सहारा लिन थालेका छन्। चिसोका कारण सबभन्दा बढी बाल बालिका र बृद्धबृद्धालाई समस्या भएको छ। चिसोले गरिब, विपन्न, सीमान्तिकृतवर्ग, महिला, दलित लगायतका वर्गहरु अत्याधिक पीडित भएका छन्। चिसोले रुघा,खोकी ,ज्वरो, कोल्डायरीया लगायतका रोगहरु देखिएको छ। चिसो बढेपछि पशु पालक कृषकहरुलाई घास ल्याउन समस्या भएको छ। चिसोले पशु पक्षी लगायतकालाई समेत समस्या भएको छ।

चिसो समस्याको रुपमा रहेको छ। यो समस्याको समाधान मौसम परिवर्तन भएसंगै हुनेछ। मौसमजन्य समस्यासंग जुध्न सबै परिवारले आफ्नै किसिमले प्रयास गरिरहेका छन्।उनीहरु आफूलाई बचाउने प्रयास गरिरहेका छन्। जाडोमा खानेकुरामा विशेष ध्यान दिनुपर्छ। तातो, झोलिलो र पोषिलो खानेकुरा खानुपर्छ। गरिब विपन्नवर्गसंग जाडोसंग जुध्ने पर्याप्त साधन नभएकोले कतिपय व्यक्तिको ज्यान समेत जाने गरेको छ। विभिन्न प्रकारको रोगको कारण जाडोले सताएपछि मानिसको ज्यान जाने गरेको छ। जाडोबाट बच्न तथा जुध्न नसकिरहेको वर्गलाई तत्काल राहत दिन आवश्यक भइसकेको छ। यस्कोलागि लोककल्याणकारी सरकारले ध्यान दिन आवश्यक भैसकेको छ। स्थानीय तहले हरेक चोक तथा बजारहरुमा आगोको व्यवस्था गर्न आवश्यक छ। साथै प्रभावितवर्गलाई न्यानो कपडा वितरण गर्न आवश्यक रहेको छ। सम्बन्धित स्थानीय तहको दायित्व आफ्नो नागरिकलाई जोगाउन आवश्यक रहेको छ। अत्याधिक चिसोबाट जोगाउन स्थानीय तहको पहल तथा प्रयास आवश्यक भैसकेको छ। यस्कोलागि स्थानीय तहले आफ्नो दायित्वबोध गरी तत्काल प्रकृया थाल्नुपर्छ।

# हरियाली बन्दै बाँके, बिरुवा वितरण र उत्पादनमा जोड

*जानकी, २० पुस*

रुपनी जिए

बाँकेमा हरियाली फैलाउने, वातावरणीय सन्तुलन कायम राख्ने र किसानको आम्दानी बढाउने उद्देश्यले बिरुवा वितरण र उत्पादनमा जोड दिएको छ । कुनै समय दाउरा र काठका लागि प्राकृतिक वनमै निर्भर रहँदै आएको बाँके अहिले विस्तारै निजी खेतबारी र सार्वजनिक स्थानमा हरियाली फैलाउने दिशातर्फ उन्मुख हुँदै गएको छ ।

डिभिजन वन कार्यालयका योजना शाखाका वरिष्ठ वन अधिकृत सुशील सुवेदीका अनुसार जिल्लामा हजारौँ बिरुवा उत्पादन गरी वितरण गरिएको छ। यसले यहाँको जमिनलाई हरियाली बनाएको छ । आर्थिक वर्ष २०८१/८२ मा कार्यालयले जिल्लाभरि नै ३० प्रजातिका पाँच लाख १३ हजार बिरुवा वितरण गरेको थियो । कार्यालयका अनुसार सो अवधिमा पाँच लाख ६१ हजार बिरुवा उत्पादन गरिएको थियो । ती बिरुवा किसानका निजी जग्गा, सामुदायिक वन, सडक किनार, धार्मिकस्थल तथा सार्वजनिक स्थानमा रोपिएका वरिष्ठ वन अधिकृत सुवेदी बताउनुहुन्छ ।

"बिरुवा वितरणको उद्देश्य केवल हरियाली बढाउनुमात्र होइन, स्थानीयस्तरमै काठ र दाउराको आवश्यकता पूर्ति गर्नु पनि हो र यसका साथै किसानको आयआर्जन बढाउनु पनि हो", उहाँले भन्नुभयो ।

बाँकेका केही स्थानीय तहमा वनक्षेत्र अत्यन्त न्यून छ भने केहीमा त वन नै छैन । यही अवस्थाले पछिल्ला वर्षमा किसानलाई आफ्नै खेतबारीमा रुख रोप्न प्रेरित गरेको अधिकृत सुवेदीको भनाइ छ । "खेतको कान्ला, खाली जमिन र घरआँगनमा लगाइएका रुख अहिले किसानको दैनिकीको महत्त्वपूर्ण हिस्सा बन्दै गएका छन्", उहाँले भन्नुभयो ।

किसान निजी खेतमा रुख रोप्न आकर्षित हुनुका पछाडि वातावरणीय चिन्तामात्र होइन, आर्थिक पक्ष पनि हो । छिटो बढ्ने र बजारमा माग हुने प्रजातिका बिरुवाबाट छोटो समयमा नै प्रतिफल पाइने भएकाले किसानको रुचि बढेको छ । किसान छिटो आम्दानी दिने प्रजातितर्फ आकर्षित देखिएका छन्, यसले ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन सहयोग पुगेको



छ । विशेषगरी सागवान र युकालिप्टसजस्ता प्रजाति छिटो बढ्ने र सजिलै बिक्री हुने भएकाले यी बिरुवा नै किसानको पहिलो रोजाइमा परेका छन् । एक वर्षीय प्रजातितर्फ सागवान, युकालिप्टस र खयरको माग बढी रहेको र बहुवर्षीय प्रजातितर्फ श्रीखण्ड, कल्कीफूल, ज्याकराण्डा, गुलमोहर, धुपी र जामुनजस्ता बिरुवा लोकप्रिय बन्दै गएका छन् ।

वरिष्ठ वन अधिकृत सुवेदीका अनुसार नेपालगन्ज उपमहानगरपालिका, जानकी गाउँपालिका र कोहलपुर नगरपालिका आसपास भेनियर उद्योग, प्लाइउड उद्योग, इँटा उद्योग तथा जडीबुटी प्रशोधन उद्योग सञ्चालनमा रहेकाले निजी खेतमा लगाइएका रुखको बजार सुनिश्चित हुँदै गएको छ । "यी उद्योगमा काठ र दाउराको खपत बढी भएकाले निजी खेतमा उत्पादन भएको काठ उद्योगमा कच्चा पदार्थका रूपमा प्रयोग हुँदा किसानको आम्दानी बढ्नुका साथै प्राकृतिक वनमा पर्ने मानवीय चाप पनि घटेको छ", उहाँले भन्नुभयो ।

डिभिजन वन कार्यालयले बजारको मागसँगै वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणलाई पनि समान प्राथमिकतामा राखेको वरिष्ठ वन अधिकृत सुवेदीले बताउनुभयो । "प्राकृतिक वन पुनर्स्थापना र स्थानीय पारिस्थितिकी सन्तुलनका लागि साल, महुवा, खयर र सिसौजस्ता स्थानीय प्रजातिको उत्पादन तथा रोपणमा विशेष जोड दिइँदै आएको छ । बजारको माग र वातावरणीय सन्तुलन दुवैलाई ध्यानमा राखेर प्रजाति छनोट गरिएको छ ।"

हाल कोहलपुर, मेहनमानपुर, अगैया, शम्शेरगञ्ज, नरैनापुर तथा केन्द्रीय नर्सरीमार्फत जिल्लाका विभिन्न पालिकामा बिरुवा वितरण हुँदै आएको र चालु आर्थिक वर्षमा छ लाखभन्दा बढी बिरुवा उत्पादन गर्ने लक्ष्य रहेको वरिष्ठ वन अधिकृत सुवेदीले जानकारी दिनुभयो । "यसका लागि जिल्लाका आठ नर्सरीमा पोलिब्यागमा माटो भर्ने, ब्याड व्यवस्थापन, नर्सरी मर्मत तथा बिरुवाको गुणस्तर सुधारका काम तीव्र रूपमा अघि बढाइएका छन्", उहाँले भन्नुभयो ।

नर्सरी व्यवस्थापन र बिरुवा उत्पादन कार्यमा स्थानीय महिलाको उल्लेखनीय सहभागिता देखिन थालेको वरिष्ठ वन अधिकृत सुवेदीले बताउनुभयो । यसले हरियाली विस्तारसँगै रोजगारी सृजना, सीप विकास र आत्मनिर्भरता प्रवर्द्धनमा पनि योगदान पुर्याइरहेको छ । बाँकेमा वनप्रतिको सोच, किसानको जीविकोपार्जन र वातावरणीय जिम्मेवारीलाई एउटै धारमा जोड्ने काम गरेको छ । निजी खेतबारी हरियाली बन्दै जाँदा प्राकृतिक वनमाथिको दबाब घट्ने, ग्रामीण अर्थतन्त्र बलियो हुने र वातावरणीय सन्तुलन कायम रहने अपेक्षा गरिएको छ । रासस

# बुद्ध जन्मस्मारक शिला: मौन साक्षीले बोलिरहेको इतिहास

*लुम्बिनी, २० पुस*

रामविकास चौधरी

बुद्ध जन्मस्थल लुम्बिनीबारे धेरैलाई जानकारी छ, तर बुद्ध जन्मविन्दुबारे भने धेरैलाई जानकारी नहुनसक्छ । यसबारे सदियौँदेखि थरीथरीका चर्चा हुँदै आए पनि प्रमाणित तथ्य भने अन्यौलमै थियो । यही अन्यौलका बीच सन् १९९६ फेब्रुअरी ४ अर्थात् विसं २०५२ माघ २१ मा एउटा प्रमाण फेला पर्‍यो, जसले हजारौँ वर्षदेखिको अन्यौललाई चिरेको जानकारहरू बताउँछन् ।




सो दिन मायादेवी मन्दिरको गर्भमा भेटिएको एक 'बलौटे ढुङ्गा' लाई संसारसामु सार्वजनिक गरिएको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा सार्वजनिक गरिएको त्यस प्रमाणले बुद्ध जन्मस्थलबारे विश्वभर चलिरहेका सबै प्राज्ञिक बहस र चर्चामा 'पूर्णविराम' लगाएको थियो ।

लुम्बिनी विकास कोष पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीका अनुसार सन् १९९२ देखि १९९५ सम्म लुम्बिनी विकास कोष, नेपाल सरकार पुरातत्व विभाग र जापान बुद्धिस्ट फेडरेसनले संयुक्त रूपमा उत्खनन गर्दा मन्दिरको जगमा एउटा भग्नावशेष भेटिएको थियो । १५ तहका इँटाहरूको सुरक्षा घेरा (चेम्बर)भित्र त्यो प्राचीन ढुङ्गा विशेष रूपले सजाइएको अवस्थामा फेला परेको थियो । त्यही ढुङ्गालाई शाक्यमुनि बुद्धको जन्मस्थलबारे निर्विवाद ऐतिहासिक प्रमाणका रूपमा लिइएको छ ।

महाशाखा प्रमुख उप्रेतीले भन्नुभयो, "यो ढुङ्गा ठ्याक्कै त्यही स्थानमा भेटिएको थियो, जसको मुनि इसापूर्व छैटौँ शताब्दीको काठको प्राचीन मन्दिरको अवशेष भेटिएको थियो । यसले बुद्धको समयदेखि नै यो स्थानलाई 'पवित्र' मानी पूजा गरिँदै आएको तथ्यलाई वैज्ञानिक रूपमै प्रमाणित गरिदियो ।" उहाँका अनुसार अशोकस्तम्भको शिलालेखमा उल्लिखित 'सिलाविगडाभिच' शब्दले पनि यसै 'जन्मस्मारक शिला' लाई सङ्केत गरेको छ । यहाँ ७० सेन्टिमिटर लम्बाइ र ४० सेन्टिमिटर चौडाइ भएको 'जन्मस्मारक शिला' पाइएको थियो । लुम्बिनी र बुद्ध धम्मका अध्येता भोला गुप्ताले त्यसबारेका इतिहाससँग जोडिएको किंवदन्तीबारे भन्नुभयो, "तत्कालीन लुम्बिनीका बासिन्दाले बुद्ध जन्मेको विन्दुमा राखेर त्यो ढुङ्गालाई पूजापाठ गर्दै आएका थिए । इसापूर्व २४९ मा सम्राट अशोकले सोही ढुङ्गालाई व्यवस्थित रूपमा स्थापना गरी आफूले समेत पूजापाठ गर्नुभएको इतिहास छ।"

लुम्बिनी बचाऊ महाअभियानका संयोजक अकरम खाँनले यो शिला एउटा ढुङ्गा मात्र नभई लुम्बिनीको अस्तित्वको आधारका रूपमा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "इसापूर्व छैटौँ शताब्दीमा मायादेवी मन्दिरभित्र बुद्धको जन्मस्थानमा स्थापित यो ऐतिहासिक बुद्ध जन्मस्मारक शिला नभेटिएको भए विश्वले अझै पनि बुद्धको जन्मविन्दु खोजिरहनुपर्ने अवस्था हुन्थ्यो । शिलाको अध्ययन र उत्खननले प्राचीन ग्रन्थहरूको व्याख्यालाई समेत बलियो आधार दिएको छ ।"

खाँनका अनुसार जन्मस्मारक शिला मुनिको माटो परीक्षण गर्दा त्यहाँ कुनै पनि मानवीय गतिविधिको अवशेष नभेटिएकाले सले प्राचीन ग्रन्थ 'ललितविस्तर' मा उल्लेख

बाँकी तेस्रो पृष्ठमा


फरक–फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

## बुद्ध.....

भएझैं लुम्बिनी एक शान्त, स्वच्छ तथा रमणीय 'वाटिका' नै थियो भन्ने कुरालाई वैज्ञानिक रूपमा पुष्टि गरिदिएको छ। यसबारे लुम्बिनीको पुरातात्विक उत्खननमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ पुरातत्वविद् कोषप्रसाद आचार्यले चर्चा गर्नुभएको छ। उहाँले आफ्नो लेख 'द मार्कर स्टोन: द एक्ज्याक्ट बर्थप्लेस अफ लर्ड बुद्ध' र 'सबैभन्दा पुरानो बौद्ध तीर्थस्थल: बुद्धको जन्मस्थल लुम्बिनीको उत्खनन (२०१३)' मा 'जन्मस्मारक शिला' सम्राट अशोक लुम्बिनीको तीर्थाटनमा हुनुभन्दा अघिदेखि नै सोही स्थानमा रहेको दाबी गर्नुभएको छ । यस्तै, दुर्हम विश्वविद्यालयका प्राध्यापक राँबिन कनिङ्घमले इसापूर्व छैटौं शताब्दीअघि नै त्यहाँ धार्मिक संरचना रहेको दाबी गर्दै यसलाई विश्वकै सबैभन्दा पुरानो बौद्ध स्मारकका रूपमा व्याख्या गर्नुभएको छ । उहाँले 'द आर्किओलोजी अफ साउथ एसिया: फ्रम द इन्डुस टु अशोका' लगायत शोधका क्रममा 'मार्कर स्टोन'मुनि भेटिएका काष्ठ संरचनाका अवशेषहरू (पोस्ट-होल्स) अध्ययनका आधारमा त्यस्तो निष्कर्षमा पुगेको उल्लेख गर्नुभएको छ। प्राध्यापक कनिङ्घमका अनुसार उत्खननका क्रममा भेटिएका भग्नावशेषले सम्राट अशोक आउनुभन्दा धेरै पहिलेदेखि नै यो स्थान एउटा महत्वपूर्ण धार्मिक केन्द्र रहेको प्रमाणित गरेका छन् । चिनियाँ तीर्थयात्रीहरू फा-हियान (सन् ४०३) र ह्वेन साङ (सन् ६३६) ले पनि आफ्नो यात्रा संस्मरणमा बुद्ध जन्मस्थलको विशेष चिह्न 'जन्मस्मारक शिला' बारे उल्लेख गर्नुभएको छ । स्थानीय बासिन्दाका लागि यो शिला उहाँहरूको पुर्ख्यौली विश्वासको एउटा जीवन्त दस्तावेजका रूपमा रहेको छ। मायादेवी मन्दिरका पुस्तैनी पुजारी स्व गङ्गाप्रसाद पाण्डेका छोरा एवं बौद्ध भिक्षु विवेकानन्दले भन्नुभयो, "हाम्रा पुर्खाहरूले यहाँ केही पवित्र चीज छ भन्नुहुन्थ्यो, उत्खननपति जब त्यो शिला देखियो, तब कति पुण्य भूमिमा रहेछौं भन्ने महसुस भयो। यो शिला केवल अनुसन्धानको विषय नभई विश्वभरका बौद्धमार्गीहरूको आस्थाको जीवित दस्तावेज हो।" हाल शिलालाई मायादेवी मन्दिरभित्र विशेष 'बुलेटप्रुफ' सिसाको बाकसमा सुरक्षित राखिएको छ । मन्दिरभित्रको आर्द्रता तथा हानिकारक ग्यासले शिलालाई क्षति नपुगोस् भनेर चौबिसै घण्टा प्राविधिकहरूबाट निगरानी गर्ने व्यवस्था मिलाइएको छ । पुरातत्व विभागले पनि यसको सुरक्षा नेपालको मात्र नभई सम्पूर्ण मानव सभ्यता र विश्वसम्पदाको संरक्षणका लागि एउटा ठूलो जिम्मेवारीका रूपमा अर्थ्याउने गरेको छ । लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले जन्मस्मारकमा रहेको शिला स्थानीयका लागि गौरवको सम्पदा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "ऐतिहासिक रूपमा तत्कालीन लुम्बिनीवासीले बुद्ध जन्मविन्दुलाई सधैंका लागि पहिचान भइराखोस् भनेर नजिकैको तेलार नदीबाट बलौटे ढुङ्गा ल्याएर चिनोका रूपमा राखेको इतिहास छ। त्यसैलाई सम्राट अशोकले संरक्षण प्रदान गरेको भनिन्थ्यो, त्यो प्रमाणित भएको छ।" लुम्बिनी विकास कोषका उपाध्यक्ष एवं बौद्ध भिक्षु डा ल्हारक्याल लामाले बुद्ध जन्मस्मारक शिला बौद्धमार्गीहरूको ऐतिहासिक आस्थाको भौतिक प्रमाण रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो मौन शिलाले विगत दुई हजार छ सय वर्षको इतिहासलाई बोल्ने मात्रै होइन, त्यसलाई सुरक्षित राखेर विश्वलाई शान्ति, सत्य र अहिंसाको मार्ग देखाइरहेको छ।" रासस

## सामाजिक.....

चिहानलाई हानि नोक्सानी वा क्षति पुऱ्याउने वा कुनै किसिमले दुषित गर्न, बिगार्न, फोहर मैला गर्न वा यस्तै अन्य कार्य गर्न हुँदैन। यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने सो दफाले व्यवस्था गरेको छ।

दफा १५६ मा धार्मिक भावनामा आघात पुर्याउन नहुनेः कसैले लेखेर, वचनले वा चिन्हद्वारा वा अरु कुनै किसमबाट कुनै जात, जाती सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुर्याउन हुँदैन। यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ।

**विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन, २०६३:**

दफा ४७ बमोजिम विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गर्नेः कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामाग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामाग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायवीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

## वीरगञ्जको.....

वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

तोडफोड र झडपमा संलग्न प्रदर्शनकारीहरूलाई पहिचान गरी कारबाही प्रक्रिया अघि बढाउने प्रहरीले जनाएको छ। घटनापछि पर्सा प्रशासनले थप सुरक्षा सतर्कता अपनाएको छ। यस क्षेत्रमा अतिरिक्त प्रहरी परिचालन गरेको छ। धनुषा जिल्लाको कमला नगरपालिका(६ सखुवा मनार गाउँको मुस्लिम टोलमा रहेको मस्जिदमा शनिवार अज्ञात समूहले तोडफोड गरी कुरान जलाएको थियो। सोही घटनाको विरोधमा वीरगञ्जमा मुस्लिम समुदायले प्रदर्शन गरेका हुन्। मस्जिदमाथि आक्रमणको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको हो। यसपछि मुस्लिम समुदाय आक्रोशित बनेको हो। घण्टाघर, मुर्ली, छपकैया र इदगाह चोकलगायत क्षेत्रमा सयौं प्रदर्शनकारी सडकमा उत्रिएका थिए। उनीहरूले टायर बालेर नाराबाजी गरेका थिए। "कुरान जलाउन पाउँदैन", "अल्पसङ्ख्यकमाथिको दमन बन्द गर" र "मस्जिद आक्रमणकर्तामाथि कारबाही गर", "प्रहरी र प्रशासन मुर्दावाद" जस्ता उनीहरुले नारा लगाएका थिए।

## बहिरा.....

भेलाको जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्र साहले उद्घाटन गरेका छन्। कार्यक्रमका प्रमुख अतिथि समेत रहेका साहले नीति निर्माणदेखि कार्यान्वयनसम्मका सबै तहमा बहिरा समुदायको सहभागिता अनिवार्य हुनुपर्ने बताए । उनले संविधान र कानुनमा व्यवस्था गरिएका बहिरा अधिकारहरू व्यवहारमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै त्यसका लागि स्थानीय तहदेखि संघीय सरकारसम्म स्पष्ट नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यक्रम आवश्यक रहेको बताए। राष्ट्रिय बहिरा महासंघ नेपालका केन्द्रीय अध्यक्ष सन्तोष के.सि.को अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा कलैया उपमहानगरपालिकाका मेयर विनोद साह, जीतपुरसिमरा उपमहानगरपालिकाका उपमेयर भोला अधिकारी, विभिन्न गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, अपाङ्गता सम्बन्धी संघ-संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

करिव ४२ जिल्लाका सहभागि रहेको उक्त राष्ट्रिय भेलाहरूले बहिरा समुदायप्रतिको सामाजिक दृष्टिकोण परिवर्तन गर्न, अधिकारबारे जनचेतना फैलाउन तथा राज्यलाई नीतिगत दबाब दिन महत्त्वपूर्ण भूमिका खेल्ने महासंघले विश्वास लिइएको छ । देशको ५५ वटा जिल्लामा बहिरा संघ गठन रहेको जनाईएको छ।

## रिलायन्स.....

खर्च चलाउन समस्या भएको किसानहरूले बताएका छन्। "उखु बिक्री हुन पाए मात्र ऋण तिर्न सकिन्छ, नत्र हाम्रो घर-परिवार नै संकटमा पर्छ," अर्का किसानले बताए।

किसानहरूको आरोप छ कि उद्योगले उखु रोपाइँको समयमा बीउ वितरण, प्राविधिक सहयोग र उचित मूल्यको आश्वासन देखाएर किसानलाई उखु खेतीतर्फ आकर्षित गर्छ। तर उत्पादन तयार भई काट्ने समय आएपछि चलान नदिएर पन्छिने प्रवृत्ति दोहोरिँदै आएको छ।

"हामीलाई उखु लगाउन प्रेरित गरिन्छ, तर उखु तयार भएपछि मिलले हात झिक्छ," किसानहरूले सामूहिक गुनासो गरेका छन्।

स्थानीय किसानहरूले उखु खेतमै सुक्ने अवस्था आए यसको जिम्मेवारी उद्योगले लिनुपर्ने माग गरेका छन्। "किसानको पसिना र श्रमको मूल्य सधैं किन उपेक्षा गरिन्छ?" उनीहरूको प्रश्न छ। उद्योग नाफामुखी बन्दा किसानको जीविकोपार्जन भने अनिश्चित बन्दै गएको उनीहरूको गुनासो छ।

किसानहरूले समयमै चलान उपलब्ध गराई समस्या समाधान गर्न सम्बन्धित उद्योग, स्थानीय प्रशासन र सरोकारवाला निकायसँग माग गरेका छन्। माग सम्बोधन नभए आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत किसानहरुले दिएका छन्।

# अन्तर्राष्ट्रिय समाचार

## टि–२० विश्वकप खेल भारत बाहिर सार्न बङ्गलादेशको आग्रह

*ढाका, २० पुस*

भारतले एक बङ्गलादेशी क्रिकेटरलाई इन्डियन प्रिमियर लिग (आइपिएल) छोड्न बाध्य पारेको घटनापछि बङ्गलादेशले आगामी महिना श्रीलङ्कामा सुरु हुने टि(२० विश्वकपमा आफ्ना खेलहरू भारत बाहिर आयोजना गर्न अनुरोध गर्ने भएको छ । बङ्गलादेशका अन्तरिम सरकारका युवा तथा खेलकुद सल्लाहकार आसिफ नजरुलले आइतबार राज्यद्वारा सञ्चालित बिएसएस समाचार एजेन्सीमार्फत जारी विज्ञप्तिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र राष्ट्रको गरिमामाथि कुनै पनि प्रकारको अपमान अस्वीकार्य हुने स्पष्ट गर्नुभएको छ । "हामी कुनै पनि परिस्थितिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र बङ्गलादेशको अपमान स्वीकार गर्दैनौं", उहाँले भन्नुभएको छ, "दासत्वका दिनहरू समाप्त भइसकेका छन् ।" उहाँका अनुसार छिमेकी राष्ट्रहरूबीच बढेको तनावको पृष्ठभूमिमा भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई) ले आइपिएल टोलीहरूलाई 'सल्लाह' दिएपछि बङ्गलादेशका फास्ट बलर मुस्ताफिजुर रहमानलाई कोलकाता नाइट राइडर्सले शनिबार रिलिज गरेको थियो । नजरुलले बङ्गलादेश क्रिकेट बोर्ड (बिसिबी) लाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) लाई औपचारिक पत्र लेख्न निर्देशन दिइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यदि कुनै बङ्गलादेशी क्रिकेटर अनुबन्धित भएर पनि भारतमा खेल्न नसक्ने अवस्था सिर्जना हुन्छ भने सम्पूर्ण बङ्गलादेशी क्रिकेट टोलीले विश्वकपमा खेल्न आफूलाई सुरक्षित महसुस गर्न सक्दैन ।" यही कारण देखाउँदै उहाँले बङ्गलादेशका विश्वकप खेलहरू श्रीलङ्कामा आयोजना गर्न अनुरोध गर्न पनि बोर्डलाई निर्देशन दिनुभएको छ । भारत र श्रीलङ्काले संयुक्त रूपमा आयोजना गर्ने टि(२० विश्वकप फेब्रुअरी ७ देखि सुरु हुने तय भएको छ । तालिकाअनुसार बङ्गलादेशले आफ्ना चारवटा समूह चरणका खेल भारतमा खेल्ने कार्यक्रम रहेको छ । यसैबीच, पाकिस्तानले आफ्ना सबै खेल श्रीलङ्कामै खेल्नेछ, जुन भारत र पाकिस्तान दुवैलाई बहुराष्ट्रिय प्रतियोगिताहरूमा तटस्थ स्थल प्रयोग गर्न दिने सम्झौताअन्तर्गत गरिएको व्यवस्था हो। सन् २०२४ मा ढाकामा भएको जनविद्रोहपछि भारतको निकट सहयोगी मानिने तत्कालीन प्रधानमन्त्री शेख हसिनाको पदच्युत भएसँगै भारत र बङ्गलादेशबीचको राजनीतिक सम्बन्धमा तिक्तता आएको बताइन्छ। भारतको विदेश मन्त्रालयले गत महिना मुस्लिम बहुल बङ्गलादेशमा 'अल्पसङ्ख्यकहरूविरुद्ध निरन्तर शत्रुता' भएको भन्दै आलोचना गरेको थियो । तर बङ्गलादेशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले भारतले हिंसाको परिमाणलाई बढाइचढाइ गरेर प्रस्तुत गरेको आरोप लगाउनुभएको छ ।बिसिबीका अध्यक्ष अमिनुल इस्लाम बुलबुलले आइतबारपछि बोर्डको आपतकालीन बैठक बस्ने जानकारी दिनुभयो । "हाम्रा क्रिकेटरहरूको गरिमा र सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकता हो र यही आधारमा हामी उचित समयमा निर्णय गर्नेछौं", उहाँले शनिबार राति पत्रकारहरूसँग भन्नुभएको थियो ।यसअघि आइपिएलका विभिन्न टोलीबाट खेलिसक्नुभएका मुस्ताफिजुरलाई कोलकाताले गत डिसेम्बरमा १० लाख अमेरिकी डलरभन्दा बढी रकममा अनुबन्ध गरेको थियो । तर बिसिसिआईका सचिव देवजित साइकियाले 'हालैको घटनाक्रमलाई ध्यानमा राख्दै' कोलकातालाई ३० वर्षीय खेलाडीलाई 'रिहा गर्न' सल्लाह दिइएको बताउनुभयो । सन् २०२६ को आइपिएल मार्च २६ बाट सुरु हुने तय छ । नजरुलले आइपिएललाई बङ्गलादेशी प्रसारणकर्ताहरूबाट ब्लक गर्न पनि आग्रह गर्ने बताउनुभएको छ । "मैले बङ्गलादेशमा आइपिएल प्रतियोगिताको प्रसारण रोक्न सूचना तथा प्रसारण सल्लाहकारलाई अनुरोध गरेको छु", उहाँले भन्नुभयो । यसैबीच, बलिउड सुपरस्टार शाहरूख खानको बहुमत स्वामित्वमा रहेको कोलकाता नाइट राइडर्सले मुस्ताफिजुरलाई 'उचित प्रक्रिया र परामर्शपछि' रिलिज गरिएको स्पष्ट पारेको छ । रासस

## दक्षिण कोरियाली राष्ट्रपतिको चीन भ्रमणअघि उत्तर कोरियाको क्षेप्यास्त्र परीक्षण

*सियोल, २० पुस*

दक्षिण कोरियाका राष्ट्रपति ली जे(म्युङ चीन भ्रमणमा निस्कनु केही घण्टाअघि उत्तर कोरियाले आइतबार समुद्रतर्फ धेरै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ । छिमेकी मुलुकहरूले यसलाई क्षेत्रीय सुरक्षा चुनौतीका रूपमा लिएका छन् ।

दक्षिण कोरियाको ज्वाइन्ट चिफ्स अफ स्टाफले जारी गरेको विज्ञप्तिअनुसार उत्तर कोरियाको राजधानी क्षेत्रबाट बिहान करिब ७:५० बजे क्षेप्यास्त्र प्रक्षेपण गरिएको पत्ता लागेको हो । ती क्षेप्यास्त्रहरू करिब ९०० किलोमिटर उडेर समुद्रमा खसेका छन् । दक्षिण कोरिया र अमेरिकाका अधिकारीहरूले प्रक्षेपणसम्बन्धी विवरणको विश्लेषण गरिरहेका छन् । दक्षिण कोरियाली सेनाले उत्तर कोरियाको कुनै पनि उक्साहटको जवाफ दिन तयारी अवस्थामा रहेको र मिसाइल प्रक्षेपणबारे अमेरिका तथा जापानसँग नजिकको समन्वय र सूचना आदानप्रदान भइरहेको जनाएको छ। जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले कम्तीमा दुईवटा क्षेप्यास्त्र प्रक्षेपण भएको पुष्टि गर्दै यसले जापान मात्र नभई, क्षेत्र र विश्वको शान्ति तथा सुरक्षालाई गम्भीर खतरा पुऱ्याएको बताउनुभयो। विशेषज्ञहरूका अनुसार यी प्रक्षेपणहरू उत्तर कोरियाले हालैका हप्ताहरूमा देखाउँदै आएको हतियार प्रदर्शनको पछिल्लो कडी हुन् । उत्तर कोरियाले आगामी सत्तारूढ वर्कर्स पार्टीको सम्मेलनअघि रक्षा क्षेत्रमा हासिल गरेका उपलब्धिहरू देखाउने वा समीक्षा गर्ने उद्देश्य राखेको हुनसक्ने विश्लेषण गरिएको छ। यो सम्मेलन पाँच वर्षपछि पहिलोपटक हुने अपेक्षा छ । पर्यवेक्षकहरूका अनुसार सम्मेलनले अमेरिकासँगको नीतिगत दिशा र लामो समयदेखि रोकिएका वार्ताहरू पुनः सुरु हुने(नहुने सङ्केत दिन सक्छ।

उत्तर कोरियाली नेता किम जोङ(उनले सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको शिखर वार्ता विफल भएपछि आणविक हतियार विस्तारमा ध्यान केन्द्रित गर्दै आउनुभएको छ । युक्रेन युद्धको पृष्ठभूमिमा रुससँगको सहकार्य र चीनसँगको सम्बन्ध सुदृढ गर्दै उहाँले कूटनीतिक प्रभाव बढाएको विश्लेषण छ। दक्षिण कोरियाको गुप्तचर सेवाका अनुसार पार्टी सम्मेलन जनवरी वा फेब्रुअरीमा हुनसक्ने सम्भावना छ।

आइतबारको प्रक्षेपण राष्ट्रपति लीको चारदिने चीन भ्रमणअघि भएको हो। उहाँ चिनियाँ राष्ट्रपति सी जिनपिङसँग शिखर वार्ता गर्दै उत्तर कोरियाको प्रमुख सहयोगी तथा ठूलो व्यापारिक साझेदार चीनलाई कोरियाली प्रायद्वीपमा शान्ति प्रवर्द्धनका लागि रचनात्मक भूमिका खेल्न आग्रह गर्ने तयारीमा हुनुहुन्छ। दक्षिण कोरिया र अमेरिकाले लामो समयदेखि उत्तर कोरियालाई वार्तामा फर्काउन चीनको प्रभाव प्रयोग गर्न अनुरोध गर्दै आएका छन्, तर बेइजिङको वास्तविक प्रभाव कति छ भन्नेबारे प्रश्न उठ्दै आएको छ । पछिल्ला वर्षहरूमा उत्तर कोरियामाथि थप प्रतिबन्ध लगाउने प्रयासलाई चीन र रुसले बारम्बार अवरुद्ध गरेका छन् । प्रक्षेपणपछि दक्षिण कोरियाले आपतकालीन राष्ट्रिय सुरक्षा परिषद् बैठक बोलाएको थियो । बैठकमा अधिकारीहरूले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्ताव उल्लङ्घन हुने गरी गरिने ब्यालेस्टिक मिसाइल प्रक्षेपण तत्काल रोक्न उत्तर कोरियालाई आग्रह गरेका छन् । परिषद्को छलफल र आवश्यक कदमबारे राष्ट्रपति लीलाई जानकारी गराइएको राष्ट्रपति कार्यालयले जनाएको छ । यसैबीच, उत्तर कोरियाले भेनेजुएलामा अमेरिकी सैन्य कारबाहीबारे कुनै टिप्पणी गरेको छैन । शनिबार अमेरिकाले भेनेजुएलाका नेता निकोलस मदुरोलाई नियन्त्रणमा लिई अमेरिका लगेको घटनापछि क्षेत्रीय तथा विश्व राजनीतिमा तरङ्ग देखिएको छ। सियोलस्थित इवा वुमन्स युनिभर्सिटीका अन्तर्राष्ट्रिय अध्ययन प्राध्यापक लीफ(एरिक इस्लीका अनुसार यस्ता घटनाले किम जोङ(उनजस्ता नेताहरूलाई आणविक प्रतिरोध क्षमतामा अझ जोड दिन प्रेरित गर्न सक्छ। रासस

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

# सामाजिक सद्भावमा खलल नपुऱ्याउन जिल्ला प्रशासन कार्यालय, पर्साको अपिल

*साझेदारी संवाददाता*
*वीरगञ्ज, २० पुस*

जिल्ला प्रशासन कार्यालय पर्साले सामाजिक सद्भावमा खलल नपुऱ्याउन अपिल गरेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले आइतबार एक प्रेस विज्ञप्ति जारी गरी यस्तो अपिल गरेकाहुन्।



*जिल्ला प्रशासन कार्यालय पर्सा।* *फाइल तस्वीर*

सामाजिक सद्भावमा खलल पुऱ्याउने, एक अर्कामा सामाजिक तथा धार्मिक वा साँस्कृतिक द्वेषभाव श्रृजना गरी राष्ट्रिय एकतामा आँच पुऱ्याउने वा झुठ अफवाह फैलाई कुनै धर्म समुदायको सामाजिक मान मर्दन गर्ने कार्यमा संलग्न व्यक्तिका फेसबुक, टिकटाक तथा इन्स्टाग्राम लगायत सामाजिक सञ्जाल खाताको गतिविधि सुक्ष्म रुपमा निगरानी भैरहेको विज्ञप्तिमा जानकारी गराइएको छ।

यस्ता गतिविधिहरुलाई गम्भिरतापूर्वक लिई निम्न बमोजिम कानूनी दायरामा ल्याईने व्यहोरा समेत सबैमा जानकारी गराई कडाईका साथ कार्यान्वयन गर्न/गराउन हुन अनुरोध विज्ञप्तिमा गरिएको छ। मुलुकी अपराध संहिता, २०७४: धर्म सम्बन्धी कसूरको दफा १५५ मा धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याउने नहुने भनिएको छ।

कसैले कुनै जात, जाती, सम्प्रदाय वा वर्गको धार्मिक आस्था वा धर्मको घृणा गर्ने वा अपमान गर्ने नियतले वा सो हुन सक्छ भन्ने जानी जानी कुनै धार्मिक पूजा, प्रार्थना वा कर्म गर्ने स्थान वा पवित्र मानिएको कुनै स्थान, वस्तु, मशानघाट वा

**बाँकी तेस्रो पृष्ठमा**

# श्रोत नखुलेको दश लाख दुई हजार १० रुपैयां सहित तीन जना पक्राउ

*साझेदारी संवाददाता*
*वीरगञ्ज, २० पुस*

पर्सा प्रहरीले श्रोत नखुलेको १० लाख दुई हजार १० रुपैयाँ सहित तीन जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक राजु कार्कीले एक प्रेस विज्ञप्ति जारी गरी यसबारे जानकारी दिएका हुन्। पक्राउ पर्नेमा पर्सा सखुवा प्रसौनी गा.पा.वडा नं.४ देवरवाना बस्ने वर्ष २२ को पवन कुमार साह, सोही ठाउँका वर्ष ३० को मुस्ताक अन्सारी एवम सोही ठाउँका वर्ष १९ को रामपुकार पासवान रहेकाछन्।



*पर्सा प्रहरीले नियन्त्रणमा लिएको रकम।* ***फोटोः पर्सा प्रहरी***

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले पर्सा जगरनाथपुर गा.पा.वडा नं.३ गडैयाटोल स्थित सडकखण्डबाट उनीहरुलाई पक्राउ गरेको हो। उनीहरू विरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को (क) बमोजिम ( हुण्डी सम्बन्धी कारोबार गर्न नहुने ) कसूरमा पर्सा जिल्ला अदालतबाट सात दिन म्याद थप अनुमति लिइ थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रहरीले ना.१६ प ३०२० नम्बरको एनएक्सजि स्पेलेण्डर मोटरसाईकललाई नियन्त्रणमा लिएको छ।

# वीरगञ्जको छपकैयास्थित प्रहरी बिटमा भयो तोडफोड, प्रहरीद्वारा अश्रुग्यांस प्रहार

*साझेदारी संवाददाता*
*वीरगञ्ज, २० पुस*

धनुषाको मस्जिद आक्रमण घटनाको विरोधमा वीरगञ्जमा मुस्लिम समुदायले आइतबार प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीहरूले छपकैयास्थित श्रीराम हल नजिकै रहेको प्रहरी बिटमा तोडफोड गरेका छन्। प्रहरी र प्रदर्शनकारीबिच झडप समेत भएको छ। प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन अश्रुग्याँस प्रहार गरेको छ। छपकैयाको इदगाह चोकमा प्रदर्शनकारी र प्रहरीबिच भएको झडपको क्रममा एक प्रहरी सामान्य घाइते भएका छन्।

पर्सा प्रहरीका प्रवक्ता, प्रहरी नायव उपरीक्षक (डिएसपी) राजु कार्कीका अनुसार स्थिति नियन्त्रणमा लिन प्रहरीले पाँच राउन्ड अश्रुग्याँस प्रहार गरेको हो।




*टायर बालेर प्रदर्शन गरिदै, तोडफोड गरिएको प्रहरी बिट।*

आक्रोशित प्रदर्शनकारीहरूको समूहले श्रीराम हल नजिकैको प्रहरी बिटमा तोडफोड गरेपछि प्रहरीले अश्रुग्याँस प्रहार गरेको हो। प्रहरी बिटको फर्निचर, कागजात र अन्य सामग्रीहरूमा क्षति पुगेको छ।

घाइते प्रहरीको

**बाँकी तेस्रो पृष्ठमा**


## विश्रामपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**विश्रामपुर, बारा**
**मधेश प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(दोस्रो पटक प्रकाशित मिति :(२०८२/०९/२१)*

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित,मर्यादित र व्यवस्थित बनाउन सूचना प्रवाह,समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माँग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित ७ (सात) दिन भित्र कार्यालय समयमा प्रशासन शाखामा आवेदन पेश गर्न आहवान गरिएको छ।

**तसशिल :**

| विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ तह सरह | १ (एक) जना | १.मान्यता प्राप्तथ शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्तश विश्वविधालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । २.मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्ती गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ । ३.कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव ( Word, Excel, Power point, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । ४.महिलालाई विशेष प्राथमिकता दिईनेछ। |

१. **कार्य अवधी** :२०८३ अषाढ मसान्त सम्म तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ ।
२. **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनौट गरिनेछ ।
३. **आवेदन दस्तुर** : रु.७००/- अक्षरुपी सात सय मात्र)
४. **उमेरको हद** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
५. **दरखास्त दिने स्थान** : बिश्रामपुर गाउँ कार्यपालिकाको कार्यालय, बिश्रामपुर, बारा ।
६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजात पेश गर्नुपर्नेछ ।
स्पष्ट पद सहित निवेदन पत्र, व्यक्तिगत बायोडाटा, नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रतिलिपी र तालिम प्रमाण पत्रको प्रतिलिपी
७. **तलब सुविधा तथा अन्य** : सेवा करार सम्झौता बमोजिम हुनेछ।
८. **छनौट प्रक्रिया** : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षा प्रक्रियामा समावेशमा गरिनेछ र समावेशी भर्ना प्रक्रिया अवलम्बन गरिनेछ ।
९. **दरखास्त दिने अन्तिम मिति** : २०८२/०९/२७ गते ४:०० सम्म (अन्तिम दिन बिदा पारेमा सो दिनको भोलिपल्ट)

*प्रमुख प्रशासकीय अधिकृत*



## जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा खोर सुधार सम्बन्धमा सूचना

यस कलैया उपमहानिरपागलकाको वडा नं. २६ मा जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा प्रजनन र खोर सुधार कार्यक्रममा आबद्धहुनको लागि कलैया उपमहानिरपागलकाको वडा नं. २६ को कार्यालयबाट आवेदन संकलन गरि १५ (पन्ध्र) दिन भित्रमा वडा नं. २६ को कार्यालयमा आवेदन पेश गर्न अनुरोध छ । कार्यक्रम सम्बन्धि विशेष जानकारी वडा नं. २६ को कार्यालयबाट लिन सकिनेछ।



जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश